# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ६६ | काठमाडौं | बुधवार, १५ असार २०७९ | Prabhab National Daily, Wednesday, June 29, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

आज धान दिवस

## दहीच्युरा खाएर मनाइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** आज असार १५ । प्रत्येक वर्ष आजैको दिन धान दिवस मनाइँदै आएको छ । धान दिवसका अवसरमा आज खेतमा काम गरी दहीच्युरा खाएर मनाइँदै छ । यसै अवसरमा विभिन्न कार्यक्रमसमेत आयोजना गरिँदै छ । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही च्युरा खान्छन् । यसबेला दहीच्युराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ ।

असार १५ लाई नेपाली समाजमा दहीच्युरा खाने पर्वका रूपमा पनि लिइन्छ । खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि आज दहीच्युरा खाई असार १५ लाई साँस्कृतिक पर्वका रूपमा मनाउँछन् ।

हाम्रो संस्कृतिमा दहीको स्थान महत्त्वपूर्ण छ । शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्त्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ । यस्ता शुभकाममा निस्कनुअघि रातो टीकासँगै सगुनका रूपमा पनि दही खुवाएर बिदाइ गरिन्छ । निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रहिआएको छ ।

दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ । गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गरेका थिए भनिन्छ । आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाइएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ । 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्नेजस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ । दहीले पाचन शक्ति पनि बढाउँछ ।

पखाला लागेका बेला दहीच्युरा खाएमा औषधिको काम गर्छ । यसैले दहीच्युरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहत्रूप लिएको छ । यसरी असार १५ गते नेपाली समाजमा दहीच्युरा खाने पर्वका साथै राष्ट्रिय साँस्कृतिक पर्व बन्न सफल भएको छ ।

**धान दिवस**

वि.सं. २०६१ मंसिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेसा खेतीपाती हो ।

किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ । 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाई कुलो लगाई पानी आएर गोडौंला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ ।

मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्छन् । असारमा एकपटक हिलोमा पस्नैपर्ने मान्यता पनि नेपाली समाजमा रहेको छ । औपचारिकरूपमा सरकारले निर्णय गरेर धान दिवस घोषणा गर्नुअघि नै नेपालमा असार १५ गते दहीच्युरा खाने संस्कृति प्राचीनकालदेखि नै रहिआएको धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतम बताउँछन् ।

# समस्यै समस्यामा श्रम अदालत




छिटो मुद्दा फर्स्योट हुनेगरी काम गरिरहेका छौं । तर, बजेट र जनशक्ति अभावले समस्या भइरहेको छ । कतिपय मुद्दामा मेलमिलापकर्ताको आवश्यकता परे पनि पारिश्रमिक दिएर राख्न सकिने अवस्था छैन ।



**वासुदेव आचार्य**
**अध्यक्ष**

■ आरके शाही

- दरबन्दीमा नौ कर्मचारी रिक्त हुँदा जनशक्ति अभाव
- साँघुरो कार्यालय, पार्किङस्थलको समेत अभाव
- अदालतका सदस्यहरू चढ्ने सवारीसाधन धकेल्नुपर्ने अवस्थामा
- कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र स्क्यानरसमेत अपर्याप्त
- अदालतलाई छुट्याइएको पुँजीगत बजेट जम्मा एक लाख
- कार्यविधि नबन्दा न्याय सम्पादनसम्मै असर

**काठमाडौं–** श्रम अदालतले केही दिन पहिले हिमालय टेलिभिजनका पत्रकार श्रद्धा कोइराला र एभिन्युज टेलिभिजनका पत्रकार विष्णुबहादुर बस्नेतलाई पुनर्वहाली गर्न फैसला गर्‍यो । आफूहरूलाई टेलिभिजन व्यवस्थापनले अवकास गरेको भन्दै उनीहरू त्यसविरुद्ध श्रम अदालत पुगेका थिए । उनीहरूको मुद्दामा सुनुवाइ गर्दै अदालतले पुनर्वहालीको फैसला सुनाएको हो ।

केही समय पहिले कारोबार दैनिकका पत्रकार विजय देवकोटा, शिलापत्र डटकमका पत्रकार कृष्णराज गिरी, बिबिसी वर्ल्ड सर्भिसमा कार्यरत अनुज कुँवर र न्यूज २४ टेलिभिजनका पत्रकार निरज खतिवडालाई पनि पुनर्वहाली गर्न श्रम अदालतले फैसला सुनाएको थियो ।

झट्ट हेर्दा श्रम अदालतमा श्रमजीवी पत्रकारका मुद्दा मात्र सुनुवाइ हुन्छन् कि जस्तो लाग्न सक्छ । तर, त्यसो होइन । निजामती सेवा, सेना, प्रहरी तथा छुट्टै ऐनले विशेष व्यवस्था गरेकाबाहेक श्रमसँग सम्बन्धित औपचारिक तथा अनौपचारिक रोजगारीका क्षेत्रमा कार्यरतहरूको मुद्दा यस अदालतले हेर्ने गरेको छ ।

यी क्षेत्रमा सेवा अन्त्य गरेको, श्रम कटौती, नसिहत बदर, पारिश्रमिकलगायतका सेवा सुविधा, नियमानुसार पाउनुपर्ने सञ्चय कोष, उपदान, भत्ता, नियमित रोजगारी, राजीनामासम्बन्धी, सरुवा बदर, क्षतिपूर्ति दिलाई भराई पाउने मुद्दाको सुनुवाइ हुने गरेको श्रम अदालतकी सूचना अधिकारी रत्ना घिमिरेले बताइन् ।

उनका अनुसार श्रम अदालतमा फैसला कार्यान्वयनको सिलसिलामा अदालतको अपहेलना, अन्तरकालीन आदेश, विनियमावली ऐनसँग बाझिएमा बदर गर्ने ट्रेड युनियनसँग सम्बन्धित मुद्दालगायतका मुद्दाहरू, सम्बन्धित प्रतिष्ठान, श्रम विभाग र श्रम तथा रोजगार कार्यालयले निर्णय गरेका मुद्दाहरूको निवेदन तथा पुनरवेदनको रोहमा सुनुवाइ हुने गरेको छ । यस्तै, अन्य कुनै कानुनमा व्यवस्था नभएको श्रमसँग सम्बन्धित मुद्दाहरू समेत श्रम अदालतको क्षेत्राधिकारभित्र पर्छन् ।


श्रम ऐन २०७४, श्रम नियमावली २०७५, श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१, बोनस ऐन २०३०, ट्रेड युनियन ऐन २०४९, न्याय प्रशासन ऐन २०७३, प्रमाण ऐन २०३१ र योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी ऐन २०७४ समेतका ऐनहरू श्रम अदालतसँग आकर्षित हुने ऐन हुन् ।

तर, यति धेरै क्षेत्राधिकार र जिम्मेवारी भएको अदालत भने खुम्चिरहेको छ । आफैं विभिन्न समस्या भोगिरहेको छ । अदालतमा न दरबन्दीअनुसारका कर्मचारी छन् न पर्याप्त स्रोत साधन । कतिसम्म भने कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र स्क्यानरसमेत पर्याप्त छैनन् ।

अनामनगरस्थित सिंहदरबारको पूर्वीगेट नजिकै भाडाको घरमा रहेको अदालतमा कोठाको अभाव छ । भएका कोठा पनि साँघुरा छन् । त्यही साँघुरो कोठामा इजलास बस्ने गरेको छ ।

पार्किङस्थलको अभाव, अदालतका सदस्यहरूले प्रयोग गर्ने सवारी साधन पुरानो अवस्थाका र कार्यालयका लागि आवश्यक पर्ने आधारभूत सवार ीसाधनसमेत नभएको श्रम अदालतकी सदस्य निशा बानियाँले बताइन् । कतिसम्म भने अदालतका सदस्यहरू (उच्च अदालतको न्यायाधीशसरह)ले चढ्ने सवारीसाधन धकेल्नुपर्ने अवस्थाका छन् ।

हाल श्रम अदालतको अध्यक्षमा बासुदेव आचार्य र सदस्यहरूमा प्रेमकुमार राई र निशा बानियाँ छन् । अदालतका रजिस्ट्रार लालसिंह थापाले श्रम अदालतलाई उच्च अदालतसरह मानिए पनि सेवा (**बाँकी पृष्ठ ५ मा**)



**जुजु धौ** | असार १५ का लागि भक्तपुरमा जुजु धौ बनाउँदै व्यवसायी । नेपाली लोक परम्परा अनुसार आजको दिन रोपाइँ महोत्सव गरी दही चिउरा खाने प्रचलनले दहीको माग उच्च हुने गर्छ । *तस्बिर: लक्ष्मी गारु/रासस*

सन्दर्भ : वैदेशिक रोजगार

# विभागको सेवालाई जनमुखी बनाउन कार्यविधि जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगार व्यवस्थापनसम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन 'वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि-२०७९' जारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार नियमावली २०६४ को नियम ५२ (क) को उपनियम (२)ले दिएको अधिकार प्रयोग गरी उक्त कार्यविधि जारी गरेको हो ।

वैदेशिक रोजगार विभाग र यसअन्तर्गतका कार्यालय तथा निकायहरूबाट प्रवाह हुने सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, आधुनिक सूचना प्रविधिमा आधारित बनाउँदै छिटोछरितो र सहज ढंगले सेवा प्रदान गर्न कार्यविधि जारी गरिएको मन्त्रालयले जानकारी दिएको छ । कार्यविधिले वैदेशिक रोजगार विभागको महानिर्देशकलाई प्रमुखको हैसियतमा कुनै खास ऐन, तथा नियमावली र नेपाल सरकारको नीति/निर्देशन/आदेशले तोकेबमोजिमका कार्य गर्ने अधिकार दिएको छ ।

महानिर्देशकले प्रत्यायोजित अधिकारको प्रयोग गरी वैदेशिक रोजगार र अन्तर्राष्ट्रिय आप्रवासनसम्बन्धमा समन्वय र सहकार्य गर्ने र वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि नयाँ संस्था खोल्न तथा शाखा कार्यालय स्थापना गर्न इजाजतपत्र प्रदान गर्ने, संस्था नवीकरण गर्ने, संस्थालाई नियमानुसार कारबाही गर्ने तथा संस्था खारेज गर्न पाउनेछ । त्यस्तै आपतकालिन उद्धार तथा राहतका लागि वैदेशिक रोजगार बोर्डको सचिवालय तथा विदेशस्थित नेपाली कुटनीतिक नियोगहरू एवं सम्बन्धित अन्य निकायसँग समन्वय गर्न कार्यविधिले महानिर्देशकलाई अधिकार दिएको छ । कार्यविधिको १ र २ परिच्छेद्मा विभाग र यसअन्तर्गतका निकायहरूमा कर्मचारीहरूकोकाम, कर्तव्य र अधिकार प्रक्रियागत रूपमा प्रस्टसँग तोकिएको छ ।

कार्यविधिमा इजाजतपत्र प्राप्त संस्थाहरूले वैदेशिक रोजगारका लागि नेपाल सरकारबाट खुला गरिएका मुलुकहरूमा कामदार पठाउने प्रयोजनको लागि सम्बन्धित देशको राजदूतावासबाट प्रमाणीकरण भएको मागपत्रसहित आवश्यक कागजात पूरा गरी अनलाइन आवेदन पेस गरेमात्रै पूर्वस्वीकृति पाउने उल्लेख गरिएको छ । पूर्वस्वीकृतिका लागि मागपत्र, ग्यारेण्टी लेटर, सम्झौतापत्र, पावर अफ एटर्नी र भिसा स्टयाम्पिङलगायतका आवश्यक कागजपत्रहरू अनलाइन प्रणलीमार्फत आवेदन दिनुपर्ने छ । यदि, नेपाल सरकारले राजपत्रमासूचना प्रकाशन गरी वैदेशिक रोजगारीका लागि खुला गरिएका मुलुकबाहेक




इजाजतपत्र प्राप्त संस्थाहरूले अन्य मुलुकमा कामदार पठाउँदा प्रतिकूल अवस्था देखिए पूर्वस्वीकृति नपाउने कार्यविधिमा उल्लेख छ ।

सरकारले वैदेशिक रोजगारीका लागि खुला गरेका मुलुकहरूमा व्यक्तिगत प्रयासमा कोही जान चाहन्छन् भने वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ अनुसार आवश्यक कागजातसहित अनलाइन आवेदन दिएर व्यक्तिगत श्रमस्वीकृति लिन सक्नेछन् । त्यस्तै नेपालबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको व्यक्तिले रोजगारदातासँग करार नवीकरण गराई सोही देशको सोही कम्पनी वा फरक कम्पनीमा श्रम स्वीकृति माग गरेमा पुनः श्रम स्वीकृति प्राप्त गर्न सकिने कार्यविधिमा उल्लेख गरिएको छ ।

साथै, इजाजतपत्र प्राप्त संस्थाले वैदेशिक रोजगारीको लागि छनोट भएका कामदारहरूको सम्बन्धित देशको भिसा स्टयाम्पिङका लागि नेपालबाहिर राहदानी लैजानुपरेमा अनिवार्य अनुमति लिनुपर्ने उल्लेख गरिएको छ । रोजगारीका लागि अन्तिम स्वीकृति लिएपछि इजाजतपत्र प्राप्त संस्थाले तीन महिनाभित्र कामदारलाई सम्बन्धित मुलुकमा पठाइसक्नुपर्नेछ । यदि, कुनै कारणवश समयमै पठाउन नसकेमा पुनः अनुमति लिनुपर्नेछ । कुनै सेवाग्रहीलाई पुनः श्रमस्वीकृति प्रदान गर्ने सिलसिलामा जैविक विवरण लिएर राखिएको अभिलेख फरक पर्न गएमा सोही व्यहोरा उल्लेख गरी उडान अनुमतिका लागि कार्यालयले पत्राचार गर्नसक्ने अधिकार दिइएको छ ।

कार्यविधिअनुसार इजाजतपत्र प्राप्त संस्थाले पूर्वस्वीकृति लिएर विज्ञापन गरी आफ्नो प्रधान कार्यालय वा शाखा कार्यालयबाहेक कामदार छनोटका लागि अन्तर्वार्ता लिनुपरेमा तीन दिनअगावै विभागबाट अनुमति लिनुपर्नेछ ।यदि, कामदार छनोट हुन नसकी पुनः विज्ञापन गर्नुपरेमा फेरि विभागबाट अनुमति लिनुपर्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।यसैगरी वैदेशिक रोजगारीमा जान म्यादी जीवन बिमा गरेका व्यक्ति कुनै कारणले अन्तिम श्रम स्वीकृति प्राप्त गर्न नसकेमा वा गन्तव्य मुलुक नजाने भएमा उक्त बिमा रकम फिर्ताका लागि सिफरिस माग भएमा श्रम कार्यालयले सिफारिस गर्ने भएको छ । तत्कालै लागू हुनेगरी जारी गरिएको यस कार्यविधिमा उल्लेख भएका सबै विषयहरू यसै कार्यविधिबमोजिम कार्यान्वयन हुने मन्त्रालयले जनाएको छ । यसअघि वैदेशिक रोजगार विभाग र यसअन्तर्गतका कार्यालयहरूबाट सम्पादन गरिएका काम कारबाहीहरू यसै कार्यविधिअनुसार भएको मानिने पनि मन्त्रालयले स्पष्ट पारेको छ ।

उपत्यकामा बढ्दै हैजाका बिरामी

# सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह


■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यकामा हैजाका बिरामी बढेसँगै सतर्कता अपनाउन आग्रह गरेको छ । मन्त्रालयले गर्मी तथा वर्षायाम सुरु भएसँगै हैजा, झाडापखाला जस्ता रोग फैलिरहेकाले सावधानी अपनाउन आग्रह गरेको छ । मन्त्रालयले खानेपानी, खाद्यपदार्थको गुणस्तर र सरसफाइमा ध्यान दिन आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले हैजाको प्रकोप बढेकाले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरिएको बताए ।

उनले प्रदूषित खानेपानीले हैजा देखिएकाले खानेपानी शुद्धीकरण गरेर र उमालेर मात्र खान अनुरोध गरेका छन् । अहिलेसम्म १२ जनामा हैजा देखिएको मन्त्रालयले जनाएको छ । दूषित खानेपानी कारणले हैजा देखिएको छ ।

झाडापखालाबाट बच्न चर्पीमा मात्र दिसापिसाब गर्ने, दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिची हात धुने, खाना बनाउने, खुवाउने र खाना खानुअघि साबुन पानीले मिचिमिची हात धुने, पानी उमालेर वा फिल्टर गरेर पिउने वा एक लिटर पानीमा तीन थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने गर्न आग्रह गरिएको छ । यस्तै बासी, सडेगलेको झिँगा भन्केको खानेकुरा नखान र खानेपानीको मुहान सफा र सुरक्षित राख्न पनि आग्रह गरिएको छ ।

पेट दुख्ने, वान्ता हुने, असाध्यै तीर्खा लाग्ने, पातलो दिसा हुनेजस्ता लक्षण झाडापखलाको रहेको भन्दै मन्त्रालयले नजिकैको स्वास्थ्य संस्थामा उपचारका लागि जान आग्रह गरेको छ । यस्तै, खान पिउनसमेत नसक्ने गरी बिरामी भएमा, दिसामा रगत देखापरेमा, बारम्बार वान्ता भइरहेमा, ज्वरो आएमा र धेरै पटक पातलो दिसा गरेमा पनि अस्पताल लैजान भनिएको छ ।



**झाडापखला घरमा उपचार गर्न सकिन्छ**

यस्तै झाडापखलाको उपचार घरैमा गर्न सकिने मन्त्रालयले जनाएको छ । यदि, झाडापखला भएमा झाडापखला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक-पटक खुवाउने, प्रसस्त मात्रामा सफा तथा झोल कुरा पटक-पटक खाने, नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक-पटक खुवाइरहने गर्नुपर्दछ ।

यस्तो बेलामा स्वास्थ्यकर्मीले सिफारिस गरेअनुसार जिंक चक्कीको मात्रा नबिराइकन खुवाउने, व्यक्तिगत सरसफाइमा ध्यान दिने र स्वच्छ पानी तथा खाना खाने गर्नुपर्दछ ।

काठमाडौं जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वसन्त अधिकारीले बागबजार र डिल्लीबजारको खानेपानी प्रदूषित भएको पाएको बताए । उनले ती ठाउँका पानीमा मानिसको दिसामा पाइने जीवाणु 'इकोलाई' पाइनुका साथै कोलिफर्मसमेत रहेको बताए । हैजोको प्रकोप बढ्न थालेपछि सचेतना कार्यक्रम सञ्चालन गरिएको पनि उनले बताए ।

**खानेपानीको अनुगमन**

काठमाडौं जिल्लामा हैजाको रोकथाम र नियन्त्रणका लागि खानेपानीको अनुगमन गरिने भएको छ । कार्यालयका प्रमुख अधिकारीका अनुसार जार, बोतल, तथा टचांकर व्यवसायीले वितरण गरेको पानीको गुणस्तर अनुगमन गर्न खाद्य अनुगमन तथा गुणस्तर नियन्त्रण विभाग, जिल्ला प्रशासन तथा सुरक्षा निकायको संयुक्त टोलीले अनुगमन गर्ने भएको छ ।

यस्तै काठमाडौं महानगरपालिकाबाट हैजा नियन्त्रणको लागि जनचेतनामूलक कार्यक्रम गर्न विद्यालय र वडा कार्यालयलाई पत्राचार गरिने भएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट खानेपानीको गुणस्तर सुधार गर्न हाल वितरीत पानीमा क्लोरिनको मात्रा वृद्धि गर्ने, जोखिम क्षेत्रमा पानीको नमूना संकलन तथा परीक्षण गर्ने निर्णय भएको छ ।

# बाटो मर्मतका लागि दुई दिनलाई रोकियो फोहोर व्यवस्थापन

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन पुनः दुई दिन प्रभावित हुने भएको छ । सिसडोलदेखि बञ्चरेडाँडासम्म जाने बाटो मर्मतको काम गर्नुपर्ने भएकाले मंगलबारदेखि फोहोर व्यवस्थापन कार्य प्रभावित भएको हो । आज (बुधबार) पनि फोहोर व्यवस्थापन कार्य हुने छैन ।

नुवाकोटको सिसडोलमा यसअघि थुपारिएको फोहोरको कारण बञ्चरेडाँडासम्म गाडी आउनजानका लागि समस्या भएकाले दुई दिन फोहोर लैजाने काम रोकिएको हो । सिसडोलदेखि दुई किलोमिटर पर बञ्चरेडाँडासम्म जान यसअघि थुपारिएको फोहोरको डंगुर पार गर्नुपर्ने बाध्यता छ ।

वर्षाको समय सुरु भएसँगै फोहोर कुहिन थालेको छ । कुहिएको फोहोर माथिबाट आवतजावत गर्दा दुर्घटना हुने खतरा भएकाले कामपा वातावरण विभागले उपत्यकाबाट फोहोर लैजाने काम बन्द नै गरेर उक्त स्थानमा सफा गर्न लागेको जनाएको छ । कामपा वातावरण विभाग प्रमुख सरिता राईका अनुसार केही दिनदेखि नियमित परेको वर्षाका कारण समस्या आएको छ । निरन्तर परेको पानीले काठमाडौंदेखि अन्तिम फोहोर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म पुग्ने सडकमा समस्या आउँदा नियमित रूपमा सबै फोहोरका गाडी जान सकेका छैनन् ।

सामान्य अवस्थामा प्रतिदिन ३०० सम्म फोहोरका गाडी बञ्चरेडाँडा पुग्ने गरेका थिए । वर्षाका कारण बाटो अवरोध हुँदा अहिले मुस्किलले १०० गाडीले मात्र फोहोर व्यवस्थापन हुँदै आएको छ । हरेक वर्ष वर्षात्को समयमा नियमित पानी पर्न थालेपछि काठमाडौं उपत्यकाका १८ स्थानीय तहको फोहोर व्यवस्थापन कार्य समस्या बन्दै आएको छ ।

गत फागुनदेखि जेठ सम्ममा सिसडोल बञ्चरेडाँडाका स्थानीय र जनप्रतिनिधिले विभिन्न माग राख्दै अवरोध गर्दा काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहोर ४६ दिनसम्म व्यवस्थापन हुन नसक्दा उपत्यकामा दुर्गन्ध नै फैलिएको थियो । सिसडोल बञ्चरेडाँडा स्थानीयवासीको समस्यालाई समाधान गर्न केही दिनअघि स्थानीय र जनप्रतिनिधिसँग कामपाले १८ बुँदे सहमति गरी फोहोर व्यवस्थापनको काम नियमित गर्ने वातावरण बने पनि बाटोको कारण सहज भने भएको छैन ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GROUP DISTRIBUTION

पूर्व स्वीकृति मिति २०७९/03/१४ LT. No.266120 चलानी नं.६०१८२०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor Services | 3 | 0 | 1000 | ३४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २२ गते (6th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** नि:शुल्क कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


# फलफूल पकाउन 'कार्वाइड'को प्रयोग गरे कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले फलफूल पकाउन 'कार्वाइड'को प्रयोग नगर्न आग्रह गरेको छ । विभागले मंगलबार एक सूचना जारी गर्दै खाद्य नियमावली २०२७ को दफा १९ (घ) बमोजिम कार्वाइडको (एसिटिलिन ग्यास) प्रयोग गरी कृत्रिम रूपमा फलफूल पकाउन तथा बिक्री गर्न वा बिक्रीको लागि नराख्न अनुरोध गरेको हो ।

विभागले अनावश्यक रूपमा फलफूलमा कार्वाइडको प्रयोग गर्ने व्यवसायीलाई खाद्य नियमावली २०२७ अनुसार कारबाही गर्ने जनाएको छ । व्यावसायिक रूपमा फलफूल पकाउने व्यवसायीले रसायन प्रयोग गरी फलफूल पकाउन पर्ने भएमा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका फलफूल पकाउन स्वीकृत रसायनको तोकिएको विधिअनुरूप मात्र गर्नसमेत विभागले आग्रह गरेको छ । यस्तै, विभागले फलफूलको प्रत्यक्ष सम्पर्कमा रहने गरी केमिकल राखेको पाइएमा खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाव वा मातहतका कार्यालयमा जानकारी गराउनसमेत अनुरोध गरेको छ ।

**गुणस्तर नम्बर भएको पानी पिउन आग्रह**

विभागले जारको गुणस्तर नम्बर भएको तथा बिर्को सिलबन्दी भएको प्रशोधित पिउने पानी मात्र प्रयोग गर्न आग्रह गरेको छ । पछिल्लो समय काठमाडौं उपत्यकामा हैजाका बिरामीको संख्यामा वृद्धि हुन थालेपछि विभागले पानीको गुणस्तर हेरेर प्रयोग गर्न आग्रह गरेको हो ।


रौतामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

१ नं.प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९।०३।१५

यस कार्यालयको मिति २०७९।०२।१३ को Construction of 15 bedded Hospital Building ठेक्काको बोलपत्र आह्वानको दोस्रोपटक प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट र PS आइटम सहित) |
|---|---|---|---|---|
| १. | २०७८।०७९/१३ | Construction of 15 bedded Hospital Building | R & CS-Beacon JV, Lalitpur, Nepal | रु.१६,१३,६५,०४४।६४ |

प्रमुख प्रशासकीय अधिकृत


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ असार १५ गते बुधबार (तिथिः औंशी, नक्षत्रः आर्द्रा, कृष्णपक्ष)

**मेष** सबै कार्यमा सावधानी र धैर्य राख्नुहोला ।

**वृष** सवारीसाधनमा सावधानी अपनाउनुहोला ।

**मिथुन** मनमा शान्ति बढ्ने योग छ ।

**कर्कट** आत्मविश्वास बढ्दै जानेछ ।

**सिंह** आम्दानीको नयाँ स्रोत बन्नेछ

**कन्या** शत्रु कमजोर हुनेछ ।

**तुला** आकस्मिक धनलाभको योग छ ।

**वृश्चिक** साथीभाइबीचको सम्बन्ध राम्रो हुनेछ ।

**धनु** आत्मवल बढ्नेछ ।

**मकर** खर्चमाथि नियन्त्रण राख्नुहोला ।

**कुम्भ** धनलाभमा कमी हुनेछ ।

**मीन** सामान्य बाधाले अशान्ति बढाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १५ गते, २०७९, २९ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘कम्युनिस्ट पार्टीबाहेक अरूले देशको विकास गर्न सक्दैनन्’

■ प्रभाव संवाददाता

**काठमाडौं–** वामदेव गौतमको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी एकता राष्ट्रिय अभियान नयाँ दल घोषणा गरिएको छ । नयाँ दलमा ७५ सदस्यीय केन्द्रीय कमिटी बनाईएको छ भने स्थायी कमिटी १५ जनाभन्दा नबढ्नेगरि बनाईने जनाईएको छ ।

मंगलबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरेर नवगठित पार्टीको घोषणा गरिएको हो । पार्टीले ८ सदस्यीय हेडक्वार्टर (केन्द्रीय सचिवालय) गठन गरेको छ । जसमा संयोजक गौतमसहित सचिव डीबी कार्की, सदस्य ओम शर्मा चालिसे, सदस्य डिल्लीराज भट्टराई, सदस्य दुर्गा भण्डारी, सदस्य निमकान्त पाण्डे, सदस्य भगवती विष्ट र सदस्य युवराज सफल
रहेका छन् ।

नवगठित पार्टीले नेपालको कम्युनिस्ट आन्दोलनलाई सर्वोच्च अदालतको एमाले र माओवादी केन्द्र अलग अलग गर्ने निर्णयले मुख्य कम्युनिस्ट पार्टीहरूका बीचमा शत्रुतापूर्ण अवस्थामा परिणत गरिदिएको टिप्पणी गरेको छ । संयोजक गौतमको नाममा जारी विज्ञप्तीमा भनिएको छ, ‘एमाले र माओवादी केन्द्र विभाजन गर्ने सर्वोच्चको निर्णय त्रुटिपूर्ण र हानिकारक सावित भएको छ । त्यसकै कारण जनतामा निराशा बढ्दै जान थालेको छ ।’

त्यस्तै, पार्टीको मुख्य कार्यभार विघटन भएको नेकपालाई फेरि पूनर्गठन गर्ने रहेको जनाईएको छ । र, प्रदेश र संघको निर्वाचन पुर्व नै एमाले, माओवादी र समाजवादीबीच एकताको प्रयास गर्ने र एकता सम्भव नभए कार्यगत एकता गर्ने पार्टीको अर्को मुख्य लक्ष्य रहेको छ । यसरी गरिने कार्यगत एकतामा जनमोर्चा र जसपासहितको बृहत्त वापन्थी चुनावी मोर्चा बनाउने योजना रहेको छ ।

कार्यक्रममा संयोजक गौतमले आफू लागिपरेपछि जस्तोसुकै जिम्मेवारी पनि पूरा गरेरै छाडेको ईतिहास भएको स्मरण गराउँदै आफ्नै जीवनकालमा नेपालका सबै कम्युनिस्टहरूबीच एकता गरेरै छाड्ने घोषणा गरे । उनले आफूमाथि पदमा बसिरहन र परिवारवादमा फसेको भनेर लगाईएको आरोपको खण्डन गरे ।

उनले भने,‘मेरो सिंगो परिवार कम्युनिस्ट आन्दोलनमा छ । सिंगो परिवार, आमा, भाईहरू, बहिनीहरू, जति छन् मेरा सन्तान, तपाईंले हेर्नुभयो भने सबै आन्दोलनमा लागेका छन् । आज होईन, कठिन परिस्थितिमा पनि लागेका छन् । म त ७ वर्षको उमेर हुँदा कम्युनिस्ट आन्दोलनमा सरिक भएको हुँ । अहिले ७३ वर्ष भएँ । व्यक्तिगत ईच्छा पूरा गर्न छोडेर कम्युनिस्ट आन्दोलनको लागि ०२६ सालदेखि पूर्णकालिन रूपमा भूमिगत भएर हिँडेको हुँ । कठिन परिस्थितिमा पार्टी निर्माण गरेको छु ।’

सो क्रममा वामदेवले माओवादीले सशस्त्र संघर्षको पनि स्मरण गरे । गौतमले आज देशमा भएका परिवर्तन त्यसको जग आफूहरूले हालेको पनि स्मरण गराए । कांग्रेससँगको सहकार्यले नेपालमा ठूलो परिवर्तन हाँसिल भएको पनि गौतमले उल्लेख गरे । तर, कांग्रेसको नेतृत्वमा नै देशले ठूलो-ठूलो संकट व्यहोर्नुपरेको उनको आरोप छ । उनले देशको विकास हुनको लागि कम्युनिस्टहरू मिल्नुपर्ने बताए । उनले श्रीमती तुलसा थापा आफ्नो पार्टीमा केन्द्रीय सदस्य बनेको विषयमा उठाईएको प्रश्नमा यसलाई उनले श्रीमतीको व्यक्तिगत स्वतन्त्रता र उनले पाएको मौलिक अधिकारसँग जोडे ।

उनले आजभन्दा दुई वर्ष पहिले पार्टी नखोल्नुमा नेकपा एकताको लागि प्रयास गर्नु थियो भन्ने जवाफ दिए । कम्युनिस्ट पार्टीबाहेक अरु कुनै पार्टीले नेपालको परिवर्तन र विकास गर्न नसक्ने गौतमले बारम्बार दाबी प्रस्तुत गरे । उनले आफूले नेकपा विभाजन नगरेको जिकिर गरे । तर, नेकपा विभाजनको एउटा हिस्सा आफूले भने स्विकार गर्ने उनको भनाई छ । उनले अहिले पनि प्रयत्न गर्ने हो भने केन्द्रमा र ७ वटै प्रदेशमा कम्युनिस्टको सरकार बन्ने स्थिति रहेको सुनाए ।

---

## बिमालेख हरायो

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरीचौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नाम : **विजय मिश्र**
बिमालेख नं.: **१४७००११०१**
मोबाइल नं. : **९८४१६२२७२८**

## बिमालेख हरायो

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरीचौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नाम : **शंकर प्रसाद गुरागाईं**
बिमालेख नं.: **१६४००१३५९**
ठेगाना: **गाईघाट, उदयपुर**
मोबाइल नं. : **९८०११२९९६९**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ६५ असार १४ गते २०७९ मा प्रकाशित HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.को कम्पनी: SJ Classic Industries SDN BHD को विज्ञापनमा Lot No. 265819 उल्लेख नभई 2658198 हुन गएको र कम्पनीको कार्यालय ठेगाना टोखा-५, बसुन्धारा चोक हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०३/१३ गते निम्न विवरणको कालो रङ्को Pulsar 200NS FIABS Model को मोटरसाइकल का.जि.का.म.न.पा ७ बत्तीसपुतली स्थित सेतोपुल आयो ग्रुपमा पार्किङ गरि राखिएको अवस्थामा दिनको १२:०० बजे चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम** : हुलास अटो लि काफ्ट
**बाइक नं.** : **बा.प्र ०३-०२०-प. ५५३१**
**च्यासिस नं.**:MD2A36FX9LCG–92908
**इन्जिन नं.** : JLXCLF-21996
**ठेगाना** : **लामाटार -२, ललितपुर**
**मो.** : **९८०१०९१४९३**

## नेपाल सरकार
### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभागको
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री डायमण्ड ओभरसिज सर्भिसेर्ज प्रा.लि. (ई.प.नं. ४४१)**, को **सुनसरी जिल्ला,इटहरी न.पा.४ मा** रहेको शाखा कार्यालयको साविकको ठेगाना परिर्वतन गरी **झापा जिल्ला,विर्तामोड न.पा. वडा नं. ०१**, कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**सम्पर्क नं:**
**भूपेन्द्र सिंह थेबे**
९८५२६३५७८०

---

## ZERO COST RECRUITMENT FOR MALAYSIA
## सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

**Free Visa! Free Ticket, Free Medical. No Any Service Charge**
**नि:शुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने**

कम्पनी : **ENCOMPASS INDUSTRIES SDN.BHD**

Pre Approval Date : 2022-06-25 | LT. No. 265686 | Invoice No. 60181775
पूर्व स्वीकृति मिति : २०७९/०३/११ | एल टि न. २६५६८६ | चलानी नं. ६०१८१७७४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary | | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष Male | महिला Female | | रिंगिट MYR | ने.रू. NPR | | | | | | | |
| 1 | कारखानामा काम गर्ने Factory Worker (Manufacturing Sec.) | ८०० 400 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,३७० 42,370 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .**

यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

**नोट:** MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.

हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुल(ई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : असार २२ गते (6th July. 2022) मा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZELLAMSEE CONTRACTING**
पूर्व स्वीकृति मिति २०७९/०३/१३ | LT. No. : 266056 | चलानी नं. ६०१८१८१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 6 | 0 | 1000 | ३४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4385474, 4385586, Fax: +977-1-4385806

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZAM ZAM TRANSPORT AND SERVICES**
पूर्व स्वीकृति मिति : २०७८/०६/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०३/१४ | LT No. 247348 | चलानी नं.६०१६४५५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५०,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 1 | 0 | 1900 | ६३,४५५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालयमा असार २२ गते (6th July. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUGAM OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ८३८/०६६/०६७
Tokha-10 Samakhusi, (Ring Road) Kathmandu, Nepal
Tel: +977-01-4987183, 4986106, Fax: +977-1-4364366 E-mail: hr.sugamovs20@gmail.com, info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INSPIWOOD FURNITURE SDN. BHD.**
पूर्व स्वीकृति मिति २०७९/०३/१४ | LT. No.265973 | चलानी नं. ६०१८२०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 30 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २३ गते (7th July. 2022 ) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WASSEM AL-MAHR TRANSPORT EST**
पूर्व स्वीकृति मिति : २०७९/०३/१३ | LT. No. :266061 | चलानी नं. ६०१८२०८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६०,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क।-**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.** श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JOUHRA ABDULLAH SAUD AL-GHAMDI TRADING EST.**
पूर्व स्वीकृति मिति २०७९/०३/१४ | LT No :264323 | चलानी नं.६०१८२०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Labour | 4 | 0 | 1000 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.) श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HAPPY ALLIANCE (M) SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०३/१४ | LT No.265942 | चलानी नं.६०१८१९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 100 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**Kingfisher Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAWAMEL CONTRACTING COMPAN**
पूर्व स्वीकृति मिति २०७८/१२/२५ | LT. No. 261239 | चलानी नं.:६०१७७६१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1000 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार २२ गते (6th July. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.** Govt. License 226/058/059
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हैजा थप फैलन नदेऊ

काठमाडौं उपत्यकावासीले लामो समयदेखि झेल्दै आएको समस्या हो– खानेपानी । सुख्खायाममा अधिकांश उपत्यकावासीले पानीको हाहाकार भोग्नुपर्ने बाध्यता छ । यस्तो बेला टयांकर र जारको पानी किनेर खान बाध्य हुन्छन् । वर्षायाम लागेपछि केही राहत महसुस गर्छन् । तर, पर्याप्त हुँदैनन् । अर्कोतर्फ, वर्षायाममा उपत्यकाको पानी प्रदूषित हुने गरेकोसमेत पाइएको छ । जस कारण झाडापखलालगायत विभिन्न रोगको संक्रमण हुने गरेको स्वास्थ्यसँग सम्बन्धित अधिकारीहरूले बताउने गरेका छन् ।

पछिल्लो समय उपत्यकामा हैजाको संक्रमण बढ्दै गएको छ । काठमाडौं उपत्यकाका केही क्षेत्रमा हैजाका बिरामी फेला परेका छन् । उपत्यकामा पहिलोपटक यही असार ५ गते दुई जनामा हैजा पुष्टि भएकामा हाल संक्रमितको संख्या १२ पुगिसकेको छ । यसको मूल कारण प्रदूषित खानेपानी रहेको पुष्टि भइसकेको छ । दैनिक परिरहेको पानी र ढलको उचित व्यवस्थापन नहुँदा खानेपानीमा दूषित पदार्थ मिसिन थालेको बताइएको छ । जसले गर्दा हैजा, पखलालगायतका पानीजन्य स्वास्थ्य समस्या देखिन थालेको चिकित्सकहरूको भनाइ छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार काठमाडौंको बागबजार, डिल्लीबजार र सानेपामा रहेका पानी परीक्षण गर्दा प्रदूषित पाइएको छ । धाराको पानी, जार, टुयुवेल, बोरिङको पानी परीक्षण गर्दा प्रदूषित पाइएको हो । ललितपुरको सानेपामा परीक्षणका क्रममा ६२ प्रतिशत प्रदूषित भेटिएको छ । यस्तै बूढानीलकण्ठ नगरपालिकाले गरेको पानीको परीक्षणमा ७२ प्रतिशत प्रदूषित र जारको पानी १५ प्रतिशत प्रदूषित भेटिएको छ ।

यसरी उपत्यकामा बिक्री वितरण भइरहेको खानेपानीमा हैजाको जीवाणु देखिनु खतराको संकेत हो । यसले हैजाको संक्रमण थप बढाउने जोखिम देखिएको छ । त्यसैले सरकारले उपत्यकामा बिक्रीवितरण हुने पानीको परीक्षण र अनुगमन गर्नका लागि तत्काल प्रभावकारी कदम चाल्न जरुरी छ । अन्यथा, हैजा संक्रमणले भयावह अवस्था सिर्जना नगर्ला भन्न सकिन्न ।

सम्भावित संक्रमणको जोखिम रोकथामका लागि स्वास्थ्य मन्त्रालयसँगै काठमाडौं र ललितपुर महानगरले पनि प्रयास थालेको छ, जुन सरहानीय छ । उपत्यकाका अन्य स्थानीय तहले पनि हैजा नियन्त्रणका लागि आवश्यक पहल आवश्यक पहल लिन जरुरी छ । विद्यार्थीहरूलाई हैजा रोकथामका विषयमा सचेत गराउन विभिन्न कार्यक्रम गर्नुपर्छ ।

हैजासम्बन्धी कुनै पनि लक्षण देखिएमा नजिकैको स्वास्थ्य कार्यालयमा सम्पर्क गरौं । गर्मी र बर्खायाममा विशेषगरी झाडापखाला, हैजा तथा पानीजन्य रोगहरू फैलिने गर्छन् । यसलाई ध्यान दिएर पानीलाई उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र प्रयोग गरौं । व्यक्तिगत सरसफाइ, खानेकुराको सरसफाइमा ध्यान दिऔं । खुला रूपमा दिसापिसाब नगरौं । चर्पीको प्रयोग गरौं । दिसापिसाब गरेपछि अनिवार्य रूपमा साबुन पानीले हात धुने गरौं ।

स्वास्थ्य मन्त्रालय र सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य स्वास्थ्य संस्थाले पनि नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर सर्वसुलभ सेवा प्रदान गर्नुपर्छ । सम्भावित जोखिमलाई रोक्नका लागि प्रभावकारी कदम चाल्न सरोकारवाला निकायहरूको ध्यान जान जरुरी छ ।

# हैजाको जोखिम र यसबाट बच्ने उपाय

▶▶ डा. केदार कार्की

नेपालमा बर्सेनि गर्मी र वर्षाका बेला हैजाको बिरामी फेला परेको समाचार सुनिन्छ । यो वर्ष पनि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले गत साता देशको संघीय राजधानी काठमाडौंमा एक व्यक्तिलाई हैजाको संक्रमण भएको पुष्टि गरेको छ । हैजा पानीजन्य सरुवा रोग हो र यो दूषित पानी वा खाद्यपदार्थ सेवन गर्दा सर्छ । गर्मी बढेसँगै राजधानीमा पानीको अभाव देखिने गरेको छ । हैजाको बिरामी फेला परेपछि यो रोगको प्रकोप फैलिन्छ कि भन्ने त्रास छ ।

हैजा र अन्य पानीजन्य सरुवा रोग रोकथाम गर्न खानेपानीको स्रोत सफा राख्न आवश्यक छ । खानेपानीका साथै ढल व्यवस्थापन गर्न पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । सबै व्यक्तिले एउटै स्रोतको पानी प्रयोग गर्ने तथा ढल र शौचालयको व्यवस्थित उपाय नभएको ठाउँमा हैजाले महामारीको रूप लिनसक्ने सम्भावना बढी हुन्छ । खाना खानुअघि, खाएपछि, फोहोर चलाएपछि र शौचालय गएपछि साबुनपानीले हात धुने बानी बसाल्दा यो रोगको नियन्त्रण गर्न सकिन्छ ।

हैजा भन्नाले भिब्रियो कलेरा नामको ब्याक्टेरियाको कारणले हुने सानो आन्द्राको संक्रमण भन्ने बुझिन्छ । नेपाली बृहत् शब्दकोशमा यसलाई तारन्तार दिसा र वमन भइरहने एक संक्रामक रोग भनेर लेखिएको छ । यसका लक्षणहरू कुनै पनि नदेखिनेदेखि मध्यम हुँदै गम्भीरसम्मका हुन्छन् । केही दिनसम्म निरन्तर तथा ठूलो मात्रामा पातलो दिसा लाग्नु यस रोगको प्रमुख लक्षण हो । वान्ता हुने तथा मांसपेसी बाउँडिने समस्या पनि देखिन सक्छ । हैजाका कारणले लाग्ने पखालाले केही घण्टाभित्रै गम्भीर जलवियोजन तथा इलेक्ट्रोलाइटको असन्तुलन गराउँछ । यसका कारण आँखा गढ्ने, छाला चिसो हुने, छालाको लचकतामा कमी आउने तथा हातगोडा चाउरी परेर जाने पनि हुन सक्छ । शरीरमा भएको जलवियोजनका कारण छाला निलो भएर जान सक्छ । हैजाको कीटाणु शरीरमा प्रवेश गरेको दुई घण्टादेखि पाँच दिनसम्ममा लक्षणहरू देखिने गर्दछन् ।

हैजा विभिन्न प्रकारका भिब्रियो कलेरा ब्याक्टेरियाका कारणले हुने रोग हो । जसमध्ये केहीले अत्यन्तै कडा खालको रोग लगाउने गर्दछ । यो रोग प्रायः भिब्रियो कलेरा ब्याक्टेरिया भएको दिसाको सम्पर्कमा आएको पानी तथा खानाका कारण सर्ने गर्दछ । राम्रोसँग नपाकेको समुद्री खाना (सी फुड) यो ब्याक्टेरियाको मुख्य स्रोत हो । हैजाले मानिसहरूलाई मात्र असर पुर्‍याउँछ । सरसफाइको अभाव, सफा पिउने पानीको अभाव तथा गरिबीले यसको जोखिमलाई बढाउने गर्दछ । त्यस्तै समुद्री सतह बढ्यो भने पनि हैजाको संक्रमणदर बढ्छ भन्ने विश्वास गरिन्छ । दिसाको परीक्षण गरेर हैजाको पहिचान गर्न सकिन्छ ।

हैजा गम्भीर खालको झाडापखाला हो । समयमा उपचार गरिएन भने पीडित व्यक्तिको मृत्यु केही घण्टामै हुन सक्छ । भिब्रिओ कोलरी नाम गरेको ब्याक्टेरियाका कारण यो रोग लाग्छ । अनुसन्धानकर्ताहरूका अनुसार विश्वभरि बर्सेनि १३ देखि ४० लाख मानिसलाई हैजाको संक्रमण हुने गर्दछ । हैजाका कारण बर्सेनि २१ हजारदेखि एक लाख ४३ हजार मानिसको संसारभरि मृत्यु हुने आकलन गरिएको छ । हैजा भएका ८० प्रतिशत बिरामीको जीवनजल प्रयोग गरेर सफलतापूर्वक उपचार हुन्छ । गम्भीर खालको हैजा लाग्दा तत्काल एन्टिबायोटिक र नसाबाट सलाइन दिएर उपचार गर्नुपर्छ । अरू पानीजन्य रोगमा जस्तै हैजा रोकथाम गर्न सुरक्षित पानी तथा सरसफाइ महत्त्वपूर्ण हुन्छ । विश्वमा



हैजाबाट हुने मृत्यु ९० प्रतिशतले घटाउने उद्देश्य राखेर सन् २०१७ मा एउटा रणनीति ल्याइएको छ ।

अन्य झाडापखालाझैं हैजा हुँदा पनि पातलो दिसा र वान्ता हुन्छ । तर, हैजा लागेको व्यक्तिले तारन्तार पातलो चौलानी पानीजस्तो दिसा गर्ने र वमन गर्ने चिकित्सकहरूको भनाइ छ । जसका कारण छिट्टै शरीरमा जलवियोजन हुने खतरा हुन्छ । त्यसैले शरीरमा पानीको मात्रा कम हुन दिनु हुँदैन र दिसा नरोकिए तुरुन्त अस्पताल जानु बेस हुन्छ, जलवियोजनका कारण मांसपेसी बाउँडिने पनि उनी बताउँछन् । सामान्य झाडापखाला लागेको र एक–दुई पटक दिसा भएको हो भने त्यो व्यक्तिले घरमै जीवनजल खाएर स्वास्थ्य अवस्था कस्तो हुन्छ त्यो विचार गर्नुपर्ने हुन्छ । तर, तारन्तर चौलानी पानीजस्तो पातलो दिसा भयो भने नजिकैको स्वास्थ्य चौकी जाने सुझाव चिकित्सकहरूको छ । यसको उपचारका लागि शरीरबाट घटेको पानी तथा लवणतत्त्व सेलाइनमार्फत दिइन्छ र एन्टिबायोटिकको पनि प्रयोग हुन्छ ।

हैजाको जीवाणुले सानो आन्द्रामा आक्रमण गर्छ । गर्मी र वर्षाको समयमा पानीको स्रोतमा हैजाको जीवाणु मिसिन पुग्यो भने दूषित पानी पिउने मानिसमा यो रोगको संक्रमण हुनसक्छ । दूषित पानी प्रयोग भएको खाद्यपदार्थबाट पनि यो सर्न सक्छ । त्यसैले पानी उमालेर तथा खाद्यपदार्थ राम्ररी पकाएर खान चिकित्सकहरू सल्लाह दिन्छन् । हैजा लागेको व्यक्तिको दिसा पानीमा पुग्यो भने ब्याक्टेरियाले पानी दूषित हुन्छ र त्यो पानी पिउने मानिसमा सर्छ । त्यसैले सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

हैजा र अन्य पानीजन्य सरुवा रोग रोकथाम गर्न खानेपानीको स्रोत सफा राख्न आवश्यक छ । खानेपानीका साथै ढल व्यवस्थापन गर्न पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । सबै व्यक्तिले एउटै स्रोतको पानी प्रयोग गर्ने तथा ढल र शौचालयको व्यवस्थित उपाय नभएको ठाउँमा हैजाले महामारीको रूप लिनसक्ने सम्भावना बढी हुने बताइन्छ । यसका साथै व्यक्तिगत सरसफाइमा पनि ध्यान दिनु आवश्यक भएको स्वास्थ्यकर्मीहरू बताउँछन् । खाना खानुअघि, खाएपछि, फोहोर चलाएपछि र शौचालय गएपछि साबुनपानीले हात धुने बानी बसाल्दा यो रोगको नियन्त्रण गर्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनले हैजा फैलन नदिन बचाऊ तथा सुरक्षा, तयारी र प्रतिक्रियामा केन्द्रित हुन सिफारिस गरेको छ । संगठनले हैजामाथि निगरानी राख्ने प्रणालीको व्यवस्था गर्न जोड दिएको छ । हैजाले मानिसलाई मृत्युको मुखमा पुर्‍याउन सक्ने भए पनि उपयुक्त सरसफाइका विधि अपनाउन सकेमा यसबाट सजिलै बच्न सकिन्छ । विकसित देशहरूमा साधारणतया सरसफाइ तथा विश्वव्यापी सुधारिएको पानी उपचार विधि अपनाइने हुनाले हाल हैजा मुख्य स्वास्थ्य समस्याको रूपमा रहेको छैन ।

अझै पनि धेरै स्थानमा खानेपानी र ढलको व्यवस्थापन तथा व्यक्तिगत सरसफाइको स्थिति चित्तबुझ्दो नभएकाले काठमाडौंबाहिर पनि हैजाको फैलनसक्ने सम्भावना रहेको बताइन्छ । देशका कतिपय स्थानमा झाडापखालाको कारण पत्ता लगाउन राम्रा प्रयोगशाला नभएको भएकाले हैजा हो कि हैन त्यो पत्ता लगाउन गाह्रो भएको देखिन्छ । हैजाका देखिएका ठाउँमा त्यो जीवाणु भएको स्रोत पत्ता लगाएर त्यसको व्यवस्थापन गर्नु सबैभन्दा उचित उपाय मानिन्छ ।

*(डा. कार्की डिभाइन भेटेरिनरी क्लिनिक सिनामंगलका वरिष्ठ भेटेरिनरी हेल्थ म्यानेजमेण्ट कन्सल्टेण्ट हुन् ।)*

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग–वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिढाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ । **क्रमशः**

## पत्र–मञ्जुषा

# हाम्री छोरीलाई बचाइदिनुहोस्

हाम्रो बसोबास हाल भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ४ स्थित तामाङ वस्ती रहेको छ । हाम्रो परिवार विपन्न वर्गको हो । तर, रोगले सम्पन्न र विपन्न नभन्दो रहेछ ।

हाम्री १० वर्षीया छोरी रजनीलाई विगत तीन वर्षदेखि रगतको क्यान्सर भई कान्ति बाल अस्पताल काठमाडौंमा उपचार गराइरहेका छौं । श्रीकृष्ण प्राथमिक विद्यालयमा कक्षा ८ मा पढिरहेकी उनलाई बचाउन हामी निरन्तर लागिपरेका छौं । तर, हाम्रो कमजोर आर्थिक स्थितिले गर्दा निकै सास्ती भइरहेको छ ।

उनलाई नौ साइकल केमोथेरापी पनि गराइसकेका छौं । यति गर्दा पनि छोरीको स्वास्थ्यमा सुधार नआएकोले डाक्टरको सुझावअनुसार अन्तिम विकल्पस्वरूप बोन म्यारो ट्रान्सफर जतिसक्दो छिटो गर्नुपर्ने



अवस्था छ । आर्थिक अभावका कारण त्यो गर्न सकिरहेका छैनौं । त्यस कारण कोही कसैले सहयोग गर्न सक्नुभए सहयोगको अनुरोधसहित हामी यहाँहरूसँग अनुरोध गर्न चाहन्छौं ।

आशा छ दयालु, समाजसेवी महानुभावहरूले हाम्रो अनुरोधलाई स्वीकारेर हाम्री छोरीको जीवनदानका लागि सहयोग गर्नुहुनेछ । यहँहरूबाट प्राप्त अमूल्य सहयोगको हिसाबकिताब हाम्रो फेसबुक पेजबाट पनि सार्वजनिक गर्नेछौं । सहयोग गर्न इच्छुक महानुभावहरूले ९८१८३७१८४७ मा पनि सम्पर्क गर्नु सक्नुहुनेछ । सहयोग गरिदिनुहुने सबैमा आभारी हुनेछौं ।

*पूर्णबहादुर/संगीता तामाङ*
*क्यान्सरपीडित रजनीको बुबाआमा,*
*चाँगुनारायण, भक्तपुर*

## जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# विद्यालय तहबाटै कानुनी शिक्षाको व्यवस्था गर्न ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्यालय तहबाटै कानुनी शिक्षाको व्यवस्था गर्न तीन जना अधिवक्ताहरूले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालालाई ध्यानाकर्षण गराएका छन् । अधिवक्ताहरू श्रीकृष्ण पौडेल, सामना बराल र सुमन ढुंगानाले मंगलबार सिंहदरबारस्थित मन्त्रालयमा मन्त्री शर्मालाई भेटेर यस विषयमा ध्यानाकर्षण गराएका हुन् ।

पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित र स्वीकृत हुने विशेषतः विद्यालय तहको कक्षा ८, ९ र १० का सामाजिक शिक्षा विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा बालबालिकाका लागि आवश्यक न्यूनतम कानुनी शिक्षा र कानुनी सचेतनाका लागि उपयुक्त तथा सान्दर्भिक विषयवस्तु समेटिनुपर्ने उनीहरूको माग छ ।

उनीहरूले कानुनका विषयमा व्यक्तिलाई बुझाउन सकेको खण्डमा मात्र यसको प्रभावकारिता हुने बताएका छन् । यथेष्ट मात्रामा कानुनको प्रकाशन र शिक्षा उपलब्ध गराउन सकियो भने मात्र कानुनी सचेतनामार्फत् सबल र समृद्ध समाज स्थापना गर्न सकिने ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

'कानुनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानुनको सर्वमान्य सिद्धान्त रहेको छ । व्यक्तिले कानुनको उल्लंघन गर्दा राज्यले उक्त कार्यलाई कानुनको दायरामा ल्याई कारबाही गर्दछ । कानुनको उल्लंघन गर्दा सजायको कुरामा सर्वप्रथम सरकारले उक्त कानुन जनतालाई बुझाउन के गर्‍यो भन्ने प्रश्न पनि महत्त्वपूर्ण हुन सक्छ', ध्यानाकर्षणपत्रमा भनिएको छ, 'संविधान जारी भएको ७ वर्ष पुग्न लाग्दा पनि यसको पर्याप्त प्रकाशन हुन सकेको छैन । यथेष्ट मात्रामा कानुनको प्रकाशन र शिक्षा उपलब्ध गराउन सकियो भने मात्र कानुनी सचेतनामार्फत् सबल र समृद्ध समाज स्थापना गर्न सकिन्छ । यस विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छौं ।'

जनसंख्याको अनुपातमा आवश्यक पर्ने कानुनको अनुमान गरी प्रकाशन गर्न र कानुनको प्रचारप्रसारमा कुनै कसर बाँकी नराख्न उनीहरूले भनेका छन् ।

आफूहरूको मागमा मन्त्री शर्मा सकारात्मक रहेको अधिवक्ता पौडेलले बताए । 'मन्त्रीका रूपमा मेरो समय छोटो छ । तर, यो महत्त्वपूर्ण विषयका लागि म सकारात्मक छु । यसका लागि आवश्यक पहल गर्नेछु', मन्त्री शर्माले अधिवक्तात्रयसँगको भेटमा भनेका थिए ।

## समस्यै समस्यामा...

पृष्ठ १ बाट जारी

सुविधाका हिसाबले उपेक्षा गरिएको बताए । मुद्दा बढ्दै जाने क्रम रहेकाले यस विषयमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने थापा बताउँछन् ।

श्रमसम्बन्धी न्यायिक विवादहरूको छिटोछरितो र प्रभावकारी समाधान गरी उद्योगी र श्रमिकबीच सुमधुर सम्बन्ध कायम गरी निजी क्षेत्रसमेतका रोजगारीलाई सुनिश्चितता प्रदान गर्ने उद्देश्यले श्रम ऐन २०४८ अनुसार तत्कालीन श्री ५ को सरकारले २०५२ सालमा श्रम अदालत स्थापना गरेको थियो । जसमा न्याय सेवाका राजपत्रांकित प्रथम श्रेणीका एक जना अधिकारीलाई तोकी सीमित संख्यामा कर्मचारी र सोहीबमोजिमको बजेट व्यवस्थापन गरी मुद्दाको सुनुवाइ भइरहेको थियो ।

तर, श्रम ऐन २०७४ को दफा १५१ ले उच्च अदालतको बहालवाला न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका व्यक्तिमध्येबाट एक जना अध्यक्ष र दुई जना सदस्य गरी तीन सदस्यीय इजलासबाट मुद्दाको सुनुवाइ गर्ने व्यवस्था गर्‍यो । सोहीअनुसार मन्त्रिपरिषद्ले २०७७ असोज २९ मा श्रम अदालतलाई तीन सदस्यीय बनाएको थियो । हाल तीन सदस्यीय अदालत गठन भई देशभरका श्रमसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा भइरहेको अदालतकी सूचना अधिकारी घिमिरेले बताइन् ।

उपसचिव एक, शाखा अधिकृत/इजलास अधिकृत चार, नायब सुब्बा सात, नायब सुब्बा निजी सहायक एक, सूचना प्रविधि सहायक एक, पुस्तकालय सहायक एक, तामेलदार दुई, कम्प्युटर अपरेटर दुई, कार्यालय सहयोगी चार र हलुका सवारीचालक एक गरी जम्मा २४ दरबन्दी रहेको श्रम अदालतमा हाल शाखा अधिकृत दुई, नायब सुब्बा तीन, नासु निजी सहायक एक, सूचना प्रविधि सहायक एक, पुस्तकालय सहायक एक र तामेलदार एक गरी नौ पद रिक्त छ ।

### बजेटको पनि अभाव

अदालतमा बजेट र जनशक्ति अभाव भएको अदालतका अध्यक्ष वासुदेव आचार्य बताउँछन् । आफूहरूले छिटो मुद्दा फर्स्योट हुनेगरी काम गरिरहे पनि बजेट र जनशक्ति अभावले समस्या भइरहेको उनले बताए ।

अध्यक्ष आचार्यका अनुसार मुद्दामा प्रमाण पुगेको खण्डमा दुईदेखि तीन महिनाभित्र फैसला भइसक्छ । कतिपय मुद्दामा मेलमिलापकर्ता आवश्यक परे पनि पारिश्रमिक दिएर राख्न सक्ने अवस्था नभएको उनी बताउँछन् । एक सदस्यीय मुद्दा हेर्ने अधिकारी हुँदाको अन्तिम वर्ष २०७६/७७ मा अदालतका लागि दुई लाख रूपैयाँ पुँजीगत बजेट छुटचाइएको थियो । तर, आगामी आर्थिक वर्षका लागि अदालतको पुँजीगत बजेट एक लाख रूपैयाँमा झारिएको छ । यद्यपि, आर्थिक वर्ष २०७७/७८ मा यस्तो बजेट पाँच लाख र २०७८/७९ मा सात लाख रूपैयाँ विनियोजन भएको थियो । अदालतको पुँजीगत बजेट घटाइएकोमा सदस्यहरूको चित्त दुखाइ छ ।

हाल अदालतमा २०४ मुद्दा किनारा लाग्न बाँकी छ । २०७८ साउनदेखि गत जेठसम्म अदालतमा ३९७ मुद्दा रहेकोमा १९३ फर्स्योट भइसकेका छन् । फिराद/निवेदन दुई, श्रम कार्यालयउपरको पुनरवेदन ६३ र व्यवस्थापन उपरको पुनरवेदन १३५ वटा फर्स्योट हुन बाँकी रहेको सूचना अधिकारी घिमिरेले जानकारी दिइन् ।

### तीन वर्षसम्म पनि बनेन कार्यविधि

नयाँ श्रम ऐन आएर तीन सदस्यीय श्रम अदालत गठन भइसक्यो । सोहीअनुसार अदालतले कार्यसम्पादन त गरिरहेको छ तर, नियमावली बन्न नसक्दा कठिनाइ भइरहेको श्रम अदालतका अधिकारीहरू बताउँछन् । पछिल्लो ऐनले अदालतको अधिकार क्षेत्र व्यापक बनाए पनि त्यसलाई सम्बोधन गर्ने कार्यविधि नबन्दा न्याय सम्पादनसम्मै असर परिरहेको छ ।

श्रम अदालतको नयाँ कार्यविधिका लागि मस्यौदा भने तयार भइसकेको छ । उक्त मस्यौदा श्रम र कानुन मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगेर रोकिएको छ । कार्यविधिको मस्यौदा २०७७ मै तयार भए पनि त्यसलाई अन्तिम रूप नदिइएको अदालतकी सदस्य बानियाँले बताइन् ।

कार्यविधिको मस्यौदामा श्रम अदालतमा आउने मुद्दामा छलफल र वैतनिक कानुन व्यवसायीको व्यवस्थालगायतका थुप्रै नयाँ संरचना र पद समावेश गरिएको छ । त्यसले गर्दा पनि अर्थ मन्त्रालयमा कार्यविधिमाथि छलफल जारी रहेको हुन सक्ने उनले बताइन् ।

वैतनिक वकिलको आवश्यकता सर्वोच्च, उच्च र जिल्ला अदालतहरूमा मात्र नभई श्रम अदालतमा पनि रहेको अदालतका अध्यक्ष आचार्य बताउँछन् । तर, कार्यविधि नभएसम्म केही गर्न सक्ने अवस्था नरहेको उनले बताए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF FOOD CO.WLL

पुर्व स्वीकृति मिति २०७८/०८/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/03/१४ LT. No. :252813 चलानी नं.६०१६९६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter / Waitress | 14 | 25 | 115 | ४७,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ALL ASIA OVERSEAS

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEASONS FOR GENERAL SERVICES

पूर्व स्वीकृति मिति : २०७८/११/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/03/१४ LT. No. 257902 चलानी नं. ६०१७४५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५१,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 14 | 0 | 1000 | ३४,४२५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा रोजगारको अवसर

**Mannai Trading Co. WLL** Qatar, Doha

पूर्व स्वीकृति मिति:२०२१/११/१७/पुन: विज्ञापन स्वीकृति मिति: २०२२/०६/२८ पत्र संख्या: ०७८/७९ चलानी नं.: ६०१६७८३१ LT No. 250916

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 06 | सम्बन्धित कामका दक्ष | 2200 | ७५७२४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Electric. Tech. | 03 | | 1400 | ४८१८८ | | | | | | | | |
| ३. | Machine Operator | 13 | | 2200 | ७५७२४ | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 04 | | 2200 | ७५७२४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

फाइनल अन्तर्वार्ता कम्पनीको कार्यालय तीनकुने काठमाडौंमा मिति २०७९ असार २२ गते (July 06 2022) हुनेछ ।

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**

श्रम इजाजत पत्र नं. ७३/०५२/०५३

गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHAROF RESTAURANT SERVE MEALS

पूर्व स्वीकृति मिति: २०७९/03/१४ LT. No.266145 चलानी नं. ६०१८२०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 12 | 0 | 1000 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN GULF HOLIDAY HOMES

पुर्व स्वीकृति मिति २०७९/०३/१४ LT. No. 265980 चलानी नं. ६०१८१९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 1500 | ५१,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 4 | 0 | 1000 | ३४,१२५ | | | | | | | |
| 3 | House Keeping Labor | 4 | 2 | 1000 | ३४,१२५ | | | | | | | |
| 4 | Reception | 0 | 2 | 1000 | ३४,१२५ | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 1500 | ५१,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार २२ गते (6th July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**

Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८४६३०, ४३८४०९४, ४३८५०३८
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WYNN DESIGN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/01 LT. No.264926 चलानी नं. ६०१८१००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL EKHTEAR AL FODY CONTRACTING

पुर्व स्वीकृति मिति २०७९/०३/१३ LT. No. 266039 चलानी नं. ६०१८२०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1000 | ३४,४२५ | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1100 | ३७,८६५ | | | | | | | |
| 4 | Painter | 2 | 0 | 1200 | ४१,३१० | | | | | | | |
| 5 | Plaster Worker | 1 | 0 | 1200 | ४१,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार २२ गते (6th July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NRC **Nepal Recruitment Consultancy Pvt. Ltd.**

श्रम ईजाजत नं. १००४/०६८/०६९

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED RADI SALMAN AL SHAMMARI MEN'S HAIRCUTTING SALON

पूर्व स्वीकृति मिति: २०७९/03/१४ LT. No.266157 चलानी नं. ६०१८२०४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1000 | ३३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALAH LAUNDRY FOR CLOTHS

पूर्व स्वीकृति मिति: २०७९/03/१४ LT. No.266156 चलानी नं. ६०१८२०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1500 | ५०,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIM YANG HOK INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/१४ LT. No. 266059 चलानी नं.६०१८२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : B & M COCOPALM SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/१४ LT. No. 266058 चलानी नं.६०१८२०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

# प्रभाव दैनिक


## रूपशाला

### गायक राईको 'खुसीका मुहान'

लोकप्रिय गायक राजेश पायल राईको स्वरमा सजिएको 'खुसीका मुहान' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । गीतमा शब्द राज मुकारूङको तथा सङ्गीत अम्बर तुम्बापो सुब्बाको रहेको छ । सहास शाक्यले सङ्गीत संयोजन गरेका हुन् । म्युजिक भिडियोमा नग्मा श्रेष्ठ र सागर थापाको अभिनय हेर्न सकिन्छ । विशाल थापाले छायांकन गरेको उक्त भिडियोलाई गायक ज्वाला राईले सम्पादन गरेका हुन् ।





# निर्मलालाई उत्कृष्ट लोकदोहोरी गायिका अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका निर्मला थापा मगर यस वर्षको उत्कृष्ट लोकदोहोरी गायिका ठहरिएकी छन् । आइतबार काठमाडौंमा सम्पन्न आठौं नेशनल क्यापिटल अवार्ड'मा निर्मलाले लोकदोहोरीतर्फ 'सर्वोत्कृष्ट गायिका'को अवार्ड पाएकी हुन् ।

एसके मिडिया सोलुसनको इभेन्ट मेनेजमेन्टमा आयोजित अवार्ड समारोहमा गायिका थापाले 'माया लाएर' बोलको गीतबाट अवार्ड हात पारेकी हुन् । लोकदोहोरी गायनतर्फ सर्वोकृष्ट गायिकाको अवार्ड हात पारेपछि निर्मलाले भनिन्, 'यो मेरो मिहिनेतको फल हो, जसले मलाई गायनमा थप हौसला मिलेको छ ।'

रेडियो सुन्दासुन्दै गायिका बनेकी निर्मलाले सुरुमा गायनलाई रहरका रूपमा मात्र लिएकी थिइन् । तर, जब 'चोखो माया' नामक एल्बम निकालिन्, तब उनलाई गायनमा मोह बढ्दै गयो । गायिका निर्मलाको 'चोखो माया' पहिलो एल्बम हो ।

गायन अँगाल्दाको समय स्मरण गर्दै उनले भनिन्, 'त्यो समयमा एल्बममा धेरै गीत राख्ने चलन थियो । मैले पनि ७ वटा गीत राखेर 'चोखो माया' एल्बम निकालेकी थिएँ । त्यो एल्बम सोचेभन्दा राम्रो भयो ।'

निर्मलाले ढेड सयभन्दा बढी गीतमा स्वर दिइसकेकी छन् । हाँसेर बोल, मेरो सोल्टी राजा, फूलैमा बस्ने भमरा जस्ता उनका गीतहरू दर्शक तथा श्रोतामाझ चर्चित छन् । लोकपप, आधुनिक, लोक दोहोरीदेखि तामाङ सेलोसम्म गाउँदै आएकी निर्मला 'भर्सटायल गायिका'का रूपमा चिनिन्छिन् । गाउन सकेसम्म गायनलाई निरन्तरत दिने उनको सोच छ । उनी भन्छिन्, 'रहर त पूरा भएको छ । तर, गर्नु अझै बाँकी छ ।'

# टी–ट्वान्टी क्रिकेटको उपाधि राधेमाईलाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** अपन राधेमाई युथ क्लब, वीरगन्जले यु-१६ नेक्सस कप टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद्को सहकार्यमा भएको उक्त प्रतियोगिताको फाइनलमा राधेमाईले आयोजक नेक्सस क्रिकेट एकेडेमीलाई ३९ रनले पराजित गर्दै उपाधि जितेको हो । मूलपानी क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको राधेमाईले निर्धारित २० ओभरमा सवै विकेट गुमाउँदै ८२ रन बनायो । नेक्ससले ११.४ ओभरमा सबै विकेट गुमाएर मात्र ४३ रन बनाउन सक्यो ।

राधेमाईका लागि सगिर मियाले २१ तथा सफ्वान अलीले १९ रन जोडे । बलिङतर्फ नेक्ससका हिमाल न्यौपाने र चन्दु यादवले २-२ विकेट लिए ।

ब्याटिङतर्फ नेक्ससका सन्दीप विष्टले ३० रन बनाए । नेक्सससलाई सस्तैमा समेट्ने क्रममा राधेमाईका अनिश साह कानु एक्लैले ५ विकेट लिए । उपाधिसँगै राधेमाईले रु एक लाख पुरस्कार हात पाऱ्यो भने उपविजेतामा सीमित नेक्ससले रु ७५ हजार प्राप्त गऱ्यो ।

मोफसलको टोलीले उपाधि जितेको यो तेस्रो पटक हो । पहिलो संस्करणमा महेन्द्रनगरको सनराइज र दोस्रोमा वीरगञ्जको युनाइटेड क्लबले उपाधि जितेको थियो । प्रतियोगितामा राधेमाईका अनिश 'म्यान अफ द सिरिज' का साथै उत्कृष्ट बलर घोषित भए । नेक्ससका उत्तम थापामगर उत्कृष्ट ब्याट्र चुनिए । उदीयमान खेलाडीको उपाधि काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टर (केसीटीसी) का कमल शाहीले जिते ।

विजेतालाई काठमाडौं जिल्ला क्रिकेट सङ्घका उपाध्यक्ष विजय शर्मा, नेक्ससका अध्यक्ष भरतकुमार शाहीलगायतले पुरस्कार प्रदान गरे । यही असार ६ गते सुरु भएको प्रतियोगितामा मोफसलका पाँचसहित १२ टोली सहभागी थिए ।

# जीवन र अनुमाको **नामसारी**मा नरदास र तृप्तिको रोमान्स

**काठमाडौं (प्रस)–** गायक जिवन राजवंशी र अनुमा चौधरीको आवाजमा रहेको गीत 'नामसारी' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । 'नामसरी' एक रोमान्टिक राजवंशी भाषाको गीत हो । यस गीतको भिडियोमा नरदास राजवंशी र तृप्ति राजवंशीको अभिनय रहेको छ । नरदास र तृप्तिको यो डेब्यु म्युजिक भिडियो हो । गीतलाई गायक राजवंसी स्वयले कम्पोज गरेका हुन् भने लिरिक्स जिवन र इशान कोचको रहेको छ ।

कार्तिक राजवंशीको निदेशनमा बनेको यो गीतलाई आशिलाल राजवंशीले निमार्ण गरेका हुन भने रेकर्डिस्ट साजन, क्यामेरा ड्रोन धीरेन शाह,मेकअप कृष्ण सुवेदी, सम्पादन पवन कुमार सहनी र एरेन्जरमा सूरज श्रेष्ठ रहेका छन् । युवा प्रेम र आकषर्णलाई कलात्मक ढंगले प्रस्तुत गरिएको भिडियोमा माया,प्रेम,शँका र सम्बन्ध लाई रचनात्मक तवरले देखाउन खोजिएको छ । पूर्वीनेपालको पर्यटकिय आकर्षण बोकेका ठाउँहरू तेह्रथुम, तिनजुरे, भेडेटार, झापामा गीतको छायाङ्कन गरिएको छ ।

निकै मेहेन्तका साथ गुणस्तरीय गीत र म्युजिक भिडियो बनाउने प्रयास आफुहरूले गरेको गायकले बताए । उनी भन्छन्,' हामी सधैं दर्शक, स्रोताहरूलाई गुणस्तरीय गीत,संगीत दिने गरि काम गर्छौं।आशा छ हजुरहरूले साँच्चै यस गीतलाई पनि मनपराईदिनुहुन्छ।' उनले सम्पूर्ण दर्शक स्रोतालाई भिडियो हेरेर प्रतिक्रिया दिन सबैलाई आग्रह गरेको छ । 'विटर्स स्टुडियो' विर्तामोडमा रेकर्ड गरिएको यस गीतको भिडियो गायक जिवन राजवंशीको यूट्युब च्यानलबाट सार्वजनिक भएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAST BUILDER CONSTRUCTION

पूर्व स्वीकृति मिति २०७९/03/१३ LT. No. 266065 चलानी नं. ६०१८१९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ५८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor | 1 | 0 | 1000 | ३४,४२५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा असार २२ गते (6th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**

श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :KAMI SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/११/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/03/१४ LT. No. 234488 चलानी नं. ६०१४४३७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 11 | 0 | 1200 | ३४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८

Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESAN PROTECTION & POLISHING SERVICES AND CAR ACCESSORIES TRADING CO W.L.L.

पुर्व स्वीकृति मिति २०७९/03/१४ LT. No. :266020 चलानी नं. :६०१८२०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Paint Assistant | 1 | 0 | 145 | ५९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : असार २२ गते (6th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

